जिम्मेवार व्यक्तिबाट यस्तो खर्च रकम असुल उपर गर्नुपर्ने व्यवस्था छ । कार्यालयले रु ४०,०००। खाजा खर्च लेखेकोमा माइन्युट तथा उपस्थिति पशे नभएको हुदा कुन प्रयोजनका लागि खर्च भएको भनि एकिन हुन नसकेको हुदा पुस्ट्याँई हुने प्रमाण पेश गनु पर्दछ अन्यथा सो रकम असुल गर्नु पर्दछ ।

५०. आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार समावेश गरिएको छ ।

| क्र.सं. | विवरण | रकम |
|---|---|---|
| १ | प्रकृया नपुऱ्याई खरिद अनियमित देखिएको | ४४,९०१।- |
| २ | राजश्व दाखिला गर्नुपर्ने | ५३,६०७।०२ |
| ३ | असूल गर्नुपर्ने | ६,०९४।९९ |
| | जम्मा | १,०४,६०२।०१ |

गत वर्षसम्मको बाँकी पेश्की रु. ६०,२७,८५२।८७ फछ्र्यौट गरेको छैन ।

**मझरीया गा.वि.स. (२०७३ श्रावण देखि फाल्गुन २७ सम्म)**

गा.वि.स. सचिव, रोशन अली, २०७३ श्रावण देखि २०७३ फाल्गुन २७ सम्म ।

५१. **जिन्सी दाखिला**

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ अनुसार जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले निम्न अनुसारका सामानहरु खरिद गरेकोमा जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नु पर्दछ अन्यथा सो रकम असुल गर्नु पर्दछ ।

क) कार्यालयले रु २४८९००। मा जिक्सर १५० सि.सि.को माटर साइकल खरिद गरेकोमा जिन्सी दाखिला तथा कार्यालयको नाममा दर्ता गरेको प्रमाण पेश नभएको र सेतो प्लेटमा बनाउनुपर्ने देखियो ।

५२. **अध्यक्ष भत्ता**

मन्त्रालयको परिपत्र अनुसार, २०७३ श्रावण देखि २०७३ फाल्गुन २७ सम्म रु १५०० ले रु १२०००। सम्म लिन पाउने व्यवस्था रहेकोमा वडा सचिव रोशन अलीले रु २४०००। लिएको हुदा बढी भुक्तानी रु १२०००। असुल गर्नु पर्दछ ।

५३. कार्यालयले रु १३,७२,५८४। मा विभिन्न १७ वटा सार्वजनि निर्माण सम्बन्धी काम तथा विभिन्न गैर सरकारी सघं तथा संस्थाहरुबाट लक्षित वर्ग प्रर्वधनात्मक सम्बन्धी कार्यक्रम संचालन काम गराएको देखियो । यी कामहरुको अनुगमन सम्बन्धीत निकायबाट गर्नु पर्दछ । स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ को व्यवस्था अनुसार श्रोत तथा साधनहरुको उच्चतम सदुपयोग हने गरी काम गर्नु पर्दछ । साथै कार्यालयबाट गरेको तथा उपभोक्ता र लाभग्राही समुहहरुबाट संचालति योजनाहरुबाट भएको कामको सार्वजनिक सुनुवाई कार्यविधि, २०६७ को व्यवस्था अनुसार सार्वजनिकिकरण गर्नु पर्दछ ।

५४. **कर दाखिला**

१४/२०७३।१०।३, आय कर ऐन, २०५८ को दफा ८८ अनुसार भुक्तानीको श्रोतमा कट्टा गर्नु पर्ने अग्रिम कर कट्टा गरी राजस्व दाखिला गर्नु पर्दछ । युनिकर्न १६० सी.सी. को मोटर साईकल खरिदमा कर रु घ्द्द्ध्घ राजस्व दाखिला गर्नु पर्दछ ।

५५. **जिन्सी दाखिला**

२५/२०७३।११।२७, आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५१ अनुसार जिन्सी दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा कार्यालयले निम्न अनुसारका सामानहरु खरिद गरेकोमा जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नु पर्दछ अन्यथा सो रकम असुल गर्नु पर्दछ । कार्यालय सहायक रामाधार प्रसाद साहले रु २५०००। पेश्की लिएर कार्यालय सम्बन्धी सामान खरिद गरेकोमा जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नु पर्दछ अन्यथा सो रकम असुल गर्नु पर्दछ ।

५६. **पेश्की**

आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४ बमोजिम वर्षान्तमा फछ्र्यौट हुनुपर्ने पेश्की मध्ये गतसालको पेश्की रु. १३,७८,०९३ फछ्र्यौट गरेको छैन भने यो वर्षको पेश्की निम्नानुसारको फछ्र्यौट भएको छैन ।

| क्र. सं. | पेश्की लिने व्यक्तिको नाम | रकम |
|---|---|---|
| १ | रामस्वरुप दास | १,२०,६००।- |
| २ | रामाधार ठाकुर | ३,५०,०००।- |
| ३ | ट्रेनिङ्ग सर्भे सेन्टर | १,००,०००।- |